# कंकेश्वरीको गूठीव्यवस्था

–शङ्करमान राजवंशी

श्री कंकेश्वरी चामुन्दीव्यै नमः ॥ ॥अथ॥ ॥ शुभ-सम्वत् ९९८ साल मिति चैत्रवदीचतुर्दशीया शुभदिनस झिथिथि पूर्षावाज्या आजुपिसं श्री कंकेश्वरी चामुण्डादेवीया आवाहनायाना मेषाहुतिहोम यज्ञादि पूजाआजा दछिया पर्व-दिनस गुठी न्यायगु गुठीदोहलपातगु दानपत्र तामापत्र मद-याओंगु कालथिथि गुठीयार जनपीसकेलेंमुना सल्लाहसाहु-तिजुगु जुल ॥ ॥ थुगु सल्लाहसं गुठीयार पतिया सल्लाहनं थुगु दनिसें कोसं चोयातयाथेंनसीध्वाकावुपीक ५ या वामुरी न्हमुरीत्या चिकं फछी दुतकया कोसं चोया तयागुथें पर्वपर्व-यात मागु पूजायाना गुठी न्यायगु जुल ॥ ॥ थुगु दनिसें गुठीन्यायकेगु पचिपिकासे दयकागु जुल ॥ ॥ थुगु पचि-पिकास चोयातयाथेंयाना छिथिथि गुठीयार पनिसे समुच्चय जुया दयदसं श्री कंकेश्वरी चामुन्द्रदेवीया गुठी न्यायका चोनगु जुल ॥ थुगुखसं गुठीयार सनानं ऊगडातकडा लोभयाय मदु जुल ॥ ऊगडातगडा लोभयावसा थोपचिपिका केना वाहेक यायेगु जुल ॥ ॥ निदानयातसा सदाका शुभजुयुगु जुल ॥ ॥ निदानमयातसा पंचमहापातकलायु जुल ॥ ॥ ॥

### गुठी न्यायके घाट

निमन्त्रणापूजान्हु १ भुगतीमुगतीस्वयगुन्हु १ छ्योपूजा-यानामेस्यानाछोयेलाभूयायेगुन्हु १ मुलदिपाह्राचह्रे पूजान्हु १ श्री चामुण्डादेवी ठाहांविज्याकेगुन्हु १ पुटसिन्हसिन्हुतिना भोजनयायगुन्हु १ चतुर्थीयाना मतकायेगुन्हु १ ॥ ॥

### निमन्त्रस पूजासं यायमागु थिति:

पालाह्मनं लयसेवाजोलंपूजादयकेगु जुल ॥ ॥ चक्रे-श्वरी थकालीह्मसेनं श्री कंकेश्वरीदेवीया थासं वना पूजायानां यावजि पौवजि मुस्या पालु छोयला संन्या तुकंकाला सिना-मुनि कसुतया समयवजि फछिया गुठीयार सकलेचोना पूजा-सिधयेव समय नयगु जुल ॥ ॥ न्हिने वजिपछि छोयला मुस्या पालुतया जंबोसलिखे हचाउथ्वलुना गुठीयार सकल-सिया हचाउथ्व नंस्वयगु जुल ॥ ॥ जंकोधुंपीं मचातसहि-तयात भाग वियमागु जुल ॥ ॥ कंधसं भौयचा वयमदु ॥ पैनविधुंपीं ह्यायमचानं ययेमदु ॥ ॥ ॥

### भुगुतिमुगुति स्वयगुसं यायमा थिति

गुठीयारपिं सकके मुना मेस्ववनेमागु जुल ॥ ॥ मेस्वया ल्याहावबा भुगतीमुगुती स्वयगु लुल ॥ ॥ चाकुकायमागु जुल ॥ ॥ वहनि इतुंवहालस गुठीयार सकले चोनाह्मति पछिपछि वजियता वोधासातया जंबोसलीतया जहानप्रभृति याकाभोजन नयगु जुल ॥ ॥

### छोयलाभु दिनसं यायमागु थिति ॥

पालाकह्मनं लयसेवाजोलं पूजादयकेगु जुल मूह्मचं पूजाकु कोवियका इतुंवाहालजुका लुकुंपिनेवना कंघस थेनकाव थकाली चक्रेश्वरीह्मनं पूजाययधुनेव मेस्याय धुनंका मेया गर्धनयाला ह्राकुछोयलाछुया निमन्त्रणाखुनुथ्यें ये याना समय नयमागु जुल ॥ ॥ ॥ पालाकह्म नायनं मेस्यायेमागु जुल ॥ मेसयाला कौवियका इतुंवहाले भरीकोठासं तयेगु जुल ॥ न्हिनेगुठीयार सकलेंमुना भोजनयायमागु क्वासाघा-साफुकं जोरेयाना गुठीयार सकलसियांजहानप्रभृतिमुंका पछिपछि तया बोधासा जंरोसलीतया छोयलाभूयायगु जुल ॥

### चह्रे पूजाखुनुयायमागु थिति ॥

पालाकह्मनं देगुवहाले जाकिफछियाजाथुया पूजायाय मागु सार्जामफुकफाकं जोरेयाङडणवतयगु गुठीयार पनिसक-

नसियां सिमातह्य ह्यवया गोजा दयका पूजाभदयके जुल चक्रेश्वरी नकिनं चतामरीछुया वौदयका जोरेयायमागु जुल ।। ।। न्हिने गुठीयार सकलेंचोना क्वाकाघासा जोरेयायमागु जुल ।। वहनि लुकुंपिने चक्रेश्वरीन चक्रेश्वरीनकीघोना लयसेवाजोलंतया लुकुमह्याद्यो पूजायायगु जुल ।। चक्रेश्वरीनकीनं चिपंथियमागु जुल चक्रेश्वरीचिपंथियम्वाल।। ।। लुकुमह्याद्योपूजा सिधयव इतुंवहालसवयालिन्हतिना न्हेथुखुनुथें वोभागतया भोजन नयगु जुल ।। ।। भागनंवियमागु जुल ।। ।। भोजनसिधयव कंघसवना पूजासादमतया जोज्ञयाना पमांत थकालीयाना चक्रेश्वरीं पूजायायमाल मांसाहुतियासारदाम जोरेयाना मांसाहुतिपूजायायगु जुल लारीआरीनं कायमागु जुल कंघसं वदेछुयधुनपिं कायमचा सकलेंक्या ।। चक्रेश्वरीनकीह्यछह्यथ्या मेपिमथ्यात जुल कंघसंमांसाहुति मेषाहुतियज्ञ होमादि सिधयव क्वाकाघासातया चंघसं वको कायमचापित भोजन भागतया भोजन नकेगु जुल ।। ।। श्री कंकेश्वरी चामुण्डायात सघंवियमाल ।। ।। चत्राहालेमाल गणचक्रयायमाल ।। ।। थुलिधुनकाव मुर्खासिद्धियका दिगुच्याका त्याहां वय जुल ।। ।। पमांतयत प्रसादभागवियमाल जुल ।। मूह्नं निहाजाना सुहयापूजायायत बल ग्वयमाल जुल ।। ।।

**ज्योगालसंयतिगु दिनसं यायगु थिति:**

छोयेलाभुखुनुथ्येंये याना जोरेयाना गुठीयारपनिसकलसिया भोजन नयमागु जुल न्हिने जोरेयायमाल जुल वहनि श्री कंकेश्वरी चामुण्डादेवीयात न्हेतिपलेजायका लसकुशयाना सघंविया देगुवहालेयंका चिपंथियका प्रसादकया गुठीयारप्रभृनि सकसितं प्रसाद सघंवियमाल जुल ।।

**पूसिह्लतिगुदिनसं यायमागु थिति**

न्हिने सकलगुठीयार समुच्चयजुया क्वाकाघासा जोरेयायमागु जुल ।। ।। वहनि चह्लेपूजायाप्रसाद सिन्ह तिना सकलें गुठीयार पनिसेनं चोनाव छोयलाभुखुनुयाथ्येंये भोजन नकेमागु जुल ।।

**चतुर्थिपूजासं यायमागु थिति**

चैत्रशुक्लयाद्वितीयाखुनु चतुर्थी जुल ।। ।। थुखुनुयादिनसं पालाङ्ह्मनं लयेसेवा जोलं पूजा जोरेयायमाल जुल।। ।। कंघसं थेनकाव चक्रेश्वरीपूजायानाली मतकयापूजाविसर्जनयायगु जुल ।। ।। पूजाकु मूह्मनं कोविय माल ।। पूजासिद्धयव गुठीयार सकलें चोना निमन्त्रणाखुनुथ्ये तया समययनयमाल जुल ।। ।। न्हिने गुठीयारपनिसकले चोना क्वाकाघासा जोरेयायगु जुल ।। ।। वहनिगुठीयारपनिसकलें जहानप्रभृतिचोना छोयलाभूयाथ्यंयना भोजन नकेमाल जुल ।। वोसंमेसया खोसिकातयमाल जुल अनंली पाल्हायेगु जुल ।। ।।

**गुठीसंदुनातवगु वसुजाः ।।**

कंसया धौपति २ तगोकलश १ कोतपा १ सिह्लमू २ कंसधाला १ कंललंपिचा १ खेचाभू १ ईनायपगो १ कंसपात्र १ ह्लसकं १ सिजसला १ सिजताहाप १ त्वादिवा १ सिजताहाप १ तगोवाता १ यांखासी १ सिजत्वा १ कंसमादिह्लापा १ सिजकोतला १

थकाली श्री हर्ष गुभाल किलायको — —१
कुलहर्ष गुभाल लकाननी — — — —१
बेखारत्न गुभाल ताहानी — — — —१
ज्ञानी गुभालनी किलायको — — —१

—०—

## नेपालीमा अनुवाद

श्री कंकेश्वरी चामुण्डादेवीलाई नमस्कार ।। अव ।। शुभ संवत् ९९८ साल चैत्रवदि चतुर्दशीको शुभ दिनमा हाम्रा आफ्ना पुर्खा बाजे बराजुले श्री कंकेश्वरी चामुण्डादेवी आवाहन गरी मेषाहुतिहोम पूजाआजा बर्षेपिच्छे गुठी चलाउन गुठी राखिदिएको दानपत्र तामापत्र नभएकोले परस्पर गुठियार सबै मिली सल्लाहसाहुति भयो । यस सल्लाहबमोजिम यस वर्षदेखि तल लेखिएबमोजिम नसिढोका खेत रोपनी ५ को धान मुरी साढे सात तेल एक पाथी उपर गरी तल लेखिएबमोजिम पर्व पर्वमा चाहिने पूजा गरी गुठी चलाउनुपर्ने भयो । यस वर्षदेखि गुठी चलाउने पत्र बनाइयो । यस पत्रबमोजिम गरेर हामी परस्पर गुठियारहरू मिलेर वर्षेपिच्छे श्री कंकेश्वरी चामुण्डादेवीको गुठी चलाउने भयौं । यस कुरामा गुठियार कसैले झगडातगडा गर्नु हुंदैन । झगडातगडा लोभ गरेमा यो पत्र देखाई बाहेक गर्ने

भयौं । पालन गरेमा सदाकाल शुभ होला । पालन नभरे पंचमहापातक लाग्ला ।

## गूठी चलाउने दिन

निमन्त्रणा पूजा दिन १ भुक्तिमुक्ति हेर्ने दिन १ देवपूजा गरी रांगो काटी छोयलाभू गर्ने दिन १ मूलदिन पाहांचह्रे पूजा दिन १ श्री चामुण्डादेवी माथि ल्याउने दिन १ पुटसिह्न टीका लगाई भोजन गर्ने दिन १ चतुर्थी गरी वत्ती लिने दिन १ ।

## निमन्त्रणा पूजामा गर्नु पर्ने थिति

पालो पर्नेले महीना महीनामा सेवा गर्ने सराजाम पूजा बनाउने । चक्रेश्वरी थकालीले श्री कंकेश्वरीदेवी थानमा गई पूजा गरी स्याहबजी, च्यूरा, भटमास, अदुवा, पोलेको मासु, सिद्रा, तोरीको साग, सिंकेमूला, केराउको चटनी राखी सलैबजी एक पाथी गुठियार सबै वसी पूजा सिद्धिएपछि समय खाने । दिउंसो एक पाथी च्यूरा, पोलेको मासु, भटमास, अदुवा राखी मक्ौला पात्रमा रातो जांड राखी गुठियार सबले खाने भयो । अन्नप्राशन भइसकेका केटाकेटीहरूलाई समेत भाग दिनुपर्छ । कंकेश्वरीमा बुहारीहरू आउनु हुंदैन । विवाह भइसकेका छोरीवेटी आउनु हुंदैन ।

## भुक्तिमुक्ति हेर्ने दिन गर्नु पर्ने थिति

गुठियार सब मिली रांगो हेर्न जाने । रांगो हेरी फर्केपछि रांगो काटी पोल्ने, कमरको छाला सांधेर चमेना गर्ने । बेलुका इतुंवहालमा गुठियार सबै वसी प्रत्येकलाई आधा माना च्यूरा व्यंजन राखी मक्ौला पात्र राखी जहान परिवार सब वसी भोजन गर्ने ।

## छोयलाभू ( पोलेको मासु राखी भोजन गर्ने ) को दिन गर्नु पर्ने थिति

पालो पर्नेले महीना महीनामा सेवा गर्ने सराजाम पूजा बनाउने । मुख्य मोहीलाई पूजा भारी बोकाएर इतुंवहाल भई ढोकाबाहिर पुगी कंकेश्वरीमा गई थकाली चक्रेश्वरीले पूजा गरिसकेपछि रांगो काटिसकेर रांगोको गर्धनको मासु पोलेर निमन्त्रणाको दिन जस्तै गरेर सह्राय खाने । पालो लिने नाइकेले रांगो काट्नुपर्छ । रांगोको मासु बोकाएर ईटुंवहालको भण्डारकोठामा राख्ने । दिउंसो गुठियार सबै मिली भोजनलाई चाहिने व्यंजन तयार गरी गुठियार सबैका जहान परिबारसमेत भेला भई आधा आधा माना च्यूरा मक्ौला पात्र पोलेको मासु राखी भोजन गर्ने ।

## चतुर्दशी पूजाको दिन गर्नु पर्ने थिति

पालो पर्नेले देगुबहालमा एक पाथी चामलको भात पकाई पूजालाई चाहिने सराजाम सबै जोरिराख्ने । सबै गुठियारका स्वास्नीहरू आई गोजा (भातको चैत्य) बनाई पूजासराजाम बनाउने । चक्रेश्वरी नाइकेनीले चतामरी बनाई बली बनाई जोरजाम गर्ने । दिउंसो गुठियार सबै बसी व्यंजन तयार गर्ने । बेलुका ढोकाबाहिर चक्रेश्वरीले चक्रेश्वरीनाइकेनी सहित भई महीना महीनामा गर्ने सेवा सराजाम राखी ढोकाबाहिर महादेवपूजा गर्ने । चक्रेश्वरीनाइनीले चमेना गर्ने, चक्रेश्वरीले पनि चमेना गर्ने । ढोकाबाहिरको महादेवको पूजा सिद्धिएपछि इटुंवहालमा आई टीका लगाई अघिल्लो दिनमा जस्तै भोजन भाग राखी भोजन गर्ने । भाग पनि दिनुपर्ने । भोजन सिद्धिएपछि कंकेश्वरीमा गई पूजा सराजाम राखी यज्ञ गरी प्रधानलाई थकाली गरी चक्रेश्वरीले पूजा गर्नुपर्छ । मांसाहुतिको सराजाम तयार गरी मांसाहुति पूजा गर्नुपर्छ । गुलीमरीको डल्लो मिठाई प्रसाद लिनुपर्छ । कंकेश्वरीमा व्रतवन्ध भइसकेका केटाहरू सम्मिलित हुन पाइन्छ । चक्रेश्वरीनाइकेनी एक जना सम्मिलित हुन पाइन्छ । अरू सम्मिलित हुन पाइंदैन । मांसाहुति मेषाहुति यज्ञ होम सिद्धिएपछि व्यंजन राखेर कंकेश्वरीमा सम्मिलित सबैलाई भोजन भाग राखेर भोजन गराउनुपर्छ । श्री कंकेश्वरी चामुण्डालाई सगुन दिनुपर्छ । चचा गाएर गणचक्रविधि गर्नुपर्छ । यति सिद्धिएपछि मुखशुद्धि गरी बत्ती बाली फर्कनुपर्छ । प्रधानहरूलाई प्रसादभाग दिनुपर्छ । मुख्य मोही २ जनाले पराल ल्याई पूजाका लागि छाप्रो बनाउनुपर्छ ।

## देवतालाई स्थानबाट उठाउने दिन गर्नुपर्ने थिति

छोयलाभूको दिन जस्तै गरेर जोरजाम गरी गुठियारहरू सबैले भोजन गर्नुपर्ने । दिउंसो जोरजाम गर्नुपर्छ । बेलुका श्री कंकेश्वरी चामुण्डादेवीलाई स्वागतपूर्वक

भिन्याई सगुन दिएर देगुवहालमा लगी चमेना गराई प्रसाद लिएर गुठियार सबैलाई सगुन प्रसाद दिनुपर्छ ।

**प्रसाद टीका लगाउने दिन गर्नुपर्ने थिति**

दिउंसो सब गुठियार संमिलित भई व्यंजन जोरजाम गर्नुपर्छ । बेलुका चतुर्दशीपूजाको प्रसाद टीका लगाएर सब गुठियार बसेर छोयलाभूको दिन जस्तै भोजन गराउनुपर्छ ।

**चतुर्थीपूजामा गर्नुपर्ने थिति**

चैत्रशुक्ल द्वितीयाको दिन चतुर्थी गर्ने । यो दिन पालो लिनेले महीनामहीनाको सेवा पूजा सराजाम जोर्नुपर्छ । कंकेश्वरीमा गई चक्रेश्वरीपूजा गरी बत्ती लिई पूजा विसर्जन गर्नुपर्छ । पूजाको भारी मुख्य मोहीले बोक्नुपर्छ । पूजा सिद्धिएपछि गुठियार सबै बसेर निमन्त्रणाको दिन जस्तै राखेर सह्राय खानुपर्छ । दिउंसो गुठियारहरू सबै बसेर व्यंजन तयार गर्नुपर्छ । बेलुका गुठियारहरू सबै जह्वान परिबारसहित बसी छोयलाभू जस्तै गरी भोजन गर्नुपर्छ ।

भोजभागमा रांगोको "सी" (नाक कान आंखा बंगरा जिब्रो गरी आठ भाग टुक्रा) राख्नुपर्छ । त्यसपछि पालो सुम्पनुपर्छ ।

**गुठीमा राखेका भांडावर्तन**

दही राख्ने कांसको भांडो २, ठूलो कलश १, पूजा सामग्री राख्ने भांडो १, सिंधूर राख्ने भांडो २, जांड राख्ने कांसको भांडो १, सह्राबजी राख्ने कांसको भांडो १, देव ऐना राख्ने पात्र १, गणेश थाप्ने कलश १, देवऐना १, तामोको थाली १, टुटी भएको तामाको घल्चा १ पानस १, टुटी भएको तामाको घल्चा १, ठूलो बाटा १, यज्ञमा घ्यू चुहाउने जलहरी १, तामाको ट्वाक १, कांसको सानो थाली १, तामाको कोपरा जस्तो भांडो १ ।

थकाली श्री हर्ष गुभाजु किलायको— —१
कुलहर्ष गुभाजु लकाननी – – — –१
बेखारत्न गुभाजु ताहाननी – – – –१
ज्ञानी गुभाजुनी किलायको — — – –१